मिति २०७९।०१।०७ गते कृषि   बाली ब्यवसाय प्रवर्द्धन संस्था नेपालको आयोजनामा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा रासायनिक मलको वितरण प्रणालीमा सुधार गरी प्रभा वकारी बनाउने अध्ययन सम्बन्धी मस्यौदाको **Validation** बैठक सम्पन्न भयो । उक्त बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय , कृषि सामाग्री कम्पनी लि. , साल्ट ट्रेडिङ्ग कर्पोरेसन, किसान आयोगका पदाधिकारी एवं कर्मचारीको सहभागिता रहेको थियो। रासायनिक मल वितरण प्रणालीबारे कृषि वाली ब्यवसाय प्रवर्द्धन संस्था नेपालका मोहन बहादुर थापाज्यूले अध्ययनबाट निस्केका निचोडबारे जानकारी गराउनु भयो भने कृषि तथा पशुपन्छी विकास मन्त्रालय , कृषि सामाग्री कम्पनी लि., साल्ट ट्रेडिङ्ग कर्पोरेसनले अध्ययनको निचोडको बारेमा बिभिन्न जिज्ञासा एवं सुझाव राख्नु भयो र संस्थाको तर्फबाट उक्त सुझावहरुलाई समेटेर अन्तिम प्रतिवेदन तयारी गरिने जानकारी गराउनु भयो।

अन्तमा बैठकका अध्यक्ष एंव राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूले सहभागीहरु बाट आएका सुझावहरुलाई समेटेर अन्तिम प्रतिवेदन तयार गर्नुपर्ने कुरामा जोड दिई सहभागीलाई धन्यवाद दिदै बैठकको समापन गर्नु भयो।









